# ‘अवैध’ शैक्षिक परामर्श संस्थाको बिगबिगी

विराटनगर/शैक्षिक परामर्शदातृ संस्था वा कन्सल्टेन्सीहरूको अनुगमन थालेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दर्ता नभएकादेखि नवीकरण नगराउनेसम्म कन्सल्टेन्सीहरू सञ्चालनमा रहेको पाइएको जनाएको छ । विद्यार्थीहरूबाट गुनासो एवं उजुरी र पत्रपत्रिकामा कन्सल्टेन्सीहरूको ठगीसम्बन्धी आएका समाचारहरूका आधारमा विभागले अनुगमनमा तीव्रता दिएको अधिकारीले बताएका छन् ।

शैक्षिक परामर्श संघका अध्यक्ष शेषराज भट्टराईले भने दर्ता नभएका कन्सल्टेन्सीहरू सञ्चालन भइरहनुमा सरकारी निकायकै कमजोरी रहेको बताएका छन् ।

मन्त्रालयका एक अधिकारीले चाहिं कारबाही गर्ने क्षेत्राधिकार आफूहरूको नभए पनि कारबाहीका लागि सम्बन्धित निकायलाई सघाउँदै आएको बताए । कतिपयले अस्वाभाविक रूपमा शुल्क असुल्ने गरेका विषयमा पनि गुनासा आएका विभागका अधिकारीहरूले बताएका छन् ।

**अनुगमनमा के देखियो**

विभागका प्रवक्ता भरतप्रसाद आचार्यका अनुसार असार ३१ गते साउन १४ गतेसम्म १०० वटा कन्सल्टेन्सीहरूको अनुगमन गरेको छ ।

सो क्रममा एकतिहाइभन्दा बढी कन्सल्टेन्सीहरू शिक्षा मन्त्रालयमा दर्ताबिना नै सञ्चालनमा रहेको पाइएको छ । हामीले विवरणहरू अहिले एकत्रित गरिरहेका छौं, तर यसो हेर्दा ३५ प्रतिशतको हाराहारीमा कन्सल्टेन्सीहरू दर्ता नै नगराइकन सञ्चालनमा रहेका हामीले पाएका छौं, उनले भने ।

अनुगमनका क्रममा कति दर्ता नभएका भेटिए भने कतिपयले कतै पनि स्वीकृति नलिएर सञ्चालन भइरहेका हामीले पायौं । नमिल्ने भए पनि शाखा खोलेर बस्नेहरू धेरै पाइएका आचार्यले बताए । अनुगमनको एक महिना पुगेपछि स्पष्ट तस्बिर बाहिर आउने उनको अपेक्षा छ । विगतमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मात्र अनुमति दिने गरेकोमा अहिले प्रदेशहरूले पनि प्रदेशस्तरमा दर्ता गर्ने गरेका छन् ।

एकथरी कही कतै दर्ता नै नगराई त्यसै चलाएर बसेका छन् । उनीहरूले केन्द्रको प्रमाणपत्र देखाउने तर अर्कै ठाउँमा चलाउने रहेछन् । अर्कोथरी दर्ताको प्रक्रियामा छन्, तर दर्ता नहुँदै चलाइरहेका छन्, अनुगमनले देखाएको तस्बिरबारे प्रवक्ता आचार्यले भने । त्यस्ता कन्सल्टेन्सीहरूलाई विभागले ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना तिराउने गरेको उनले बताए ।

**यकिन संख्याबारे अनभिज्ञता**

नेपालभरि सञ्चालनमा रहेका कन्सल्टेन्सीहरूको यकिन संख्याबारे सरकारी निकायहरू नै अनभिज्ञ देखिन्छन् । विभागका प्रवक्ता आचार्यले १ हजार देखि २ हजार वटासम्म कन्सल्टेन्सीहरू सञ्चालनमा रहेको हुन सक्ने बताए । काठमाडौंमै दर्ता भएका ७०० जति र दर्ता नभएका ३००-४०० वटा सञ्चालनमा रहेका शैक्षिक परामर्श सङ्घले जानकारी गराएको छ । ठ्याक्कै यति भन्नेमा हामी पनि अन्योलमै छौं, उनले थपे । अनुगमन गर्ने निकाय भएकोले आफूहरूसँग त्यस्तो यकिन तथ्यांक नरहेको उनको तर्क छ । अर्कोतर्फ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग दर्ता भएका कन्सल्टेन्सीहरूको मात्रै तथ्याङ्क छ ।

मन्त्रालयको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाका प्रमुख सेमन्तराज कोइरालाले बताएअनुसार मन्त्रालयमा १,४७३ वटा दर्ता भएकामा अहिलेसम्म ७२० वटाले नवीकरण गराएका छन् । बर्सेनि नवीकरण गराउनुपर्ने भए पनि कोभिड महामारी यता त्यो नगराईकनै कन्सल्टेन्सीहरू सञ्चालनमा रहेको उनले बताए ।

**धेरै उजुरी दर्ता नभएकाविरुद्ध**

शिक्षा मन्त्रालयका अनुसार कन्सल्टेन्सीसम्बन्धी अधिकांश उजुरी दर्ता नभएकाहरूविरुद्ध हुने गरेको छ ।

हामीकहाँ त्यस्तो उजुरी त आउदैन, तर आउने अधिकांश चाहिं प्रणालीमा नभएका संस्थाविरुद्ध नै हुन्छन् । मन्त्रालयबाट जुन अनुमति प्राप्त छन् तीबारे खासै उजुरी आउँदैन । बजारमा यतिकै बोर्ड राखेर बसेकाहरूबारे बढी उजुरी आउँछ, शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाका प्रमुख दाहालले भने । अनुसन्धानका सिलसिलामा प्रहरीले शिक्षा मन्त्रालयसँग जानकारी माग्ने गरेको उनी बताउँछन् ।

प्रहरीले सोधिरहेको हुन्छ । हाम्रो सिस्टममा देखियो भने रेकर्ड पठाइदिन्छौं, देखिएन भने देखिएन भनेर भन्छौं । त्यसपछि प्रहरीले आवश्यक कारबाही गर्छ । कानुनी कारबाही गर्ने अधिकार आफूहरूसँग नभएकोले सोहीबमोजिम काम गर्दै आएको उनी बताउँछन् । शिक्षा मन्त्रालयलाई त कानुनी कारबाहीको बाटो छैन । हामीले गृह मन्त्रालयलाई भन्छौं । के कति हामीसँग दर्ता भएका छन् भनेर उसलाई भनिरहेका हुन्छौं, कोइरालाले भने ।

कन्सल्टेन्सीहरूले विसं २०७५ सालको साउनबाट नवीकरण नगराइरहेका अवस्थामा गत आर्थिक वर्षबाट आफूहरूले फेरि नवीकरण गराउन थालेको उनले बताए ।

**परामर्श संघ के भन्छ**

शैक्षिक परामर्श सङ्घका अध्यक्ष शेषराज भट्टराई बदमासी गर्ने कन्सल्टेन्सीहरूका कारण राम्राले पनि बदनामी बेहोर्नुपर्ने गुनासो गर्छन् । अनधिकृत सञ्चालनमा रहेका कन्सल्टेन्सीहरूलाई बन्द गराउन आफूहरूले बारम्बार ताकेता गर्दै आए पनि राज्यको प्राथमिकतामा त्यो नपरेको उनको आरोप छ । कुनकुन दर्ता भएका छन् र कुनकुन छैनन् भनी पहिचान गरेर दर्ता नभएकाहरूलाई जरिवाना मात्र किन ? बन्दै नै गराउनुपऱ्यो नि, भट्टराईले भने । पचास हजार, एक लाख रुपैयाँ जरिवाना तिराएर त्यो काम गर भन्ने जस्तै भयो नि । त्यो बन्द हुनुपर्छ भनेर हामीले भनेका हौं । विद्यार्थीहरू ठगिने समस्या पनि त्यस्तै कन्सल्टेन्सीहरूबाट हुने गरेको पाइएको उनी बताउँछन् ।

प्रणालीबाहिर देशभरि ४,००० वटाभन्दा बढी त्यस्ता शैक्षिक परामर्श संस्थाहरू हुन सक्ने भट्टराईको अनुमान छ । दर्ता नभएका कन्सल्टेन्सीहरूले पढ्नभन्दा पनि काम गर्न पठाउने, फी लिएर विदेशका कलेजहरूलाई नपठाइदिने जस्ता समस्या हामीले सुन्दै आएका छौं, भट्टराईले भने ।

**प्रहरी के भन्छ**

शैक्षिक परामर्श संस्थाहरू ठगीमा संलग्न हुने गरेका घटनासँग आफूहरूसँग पनि जुध्दै आएको नेपाल प्रहरीका अधिकारीहरू बताउँछन् ।

प्रमाणहरू नपुग्ने खालका ठगीका प्रकरणहरू हामीकहा आउने गर्छन्, केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले भने । त्यस्ता कन्सल्टेन्सीहरूले फ्रन्ट डेस्कमार्फत् रकम बुझेका हुन्छन् । मुद्दा पर्ने स्थितिमा पैसा लिने कर्मचारीलाई तिनीहरूले हटाइसकेका हुन्छन् । त्यसका कारणले अरू अपराध पनि मौलाएको प्रहरी प्रवक्ता घिमिरेको भनाइ छ । उदाहरणका लागि जाली कागजपत्र बनाएर मान्छे पठाउने काममा पनि उनीहरू संलग्न हुने गरेका छन् । यदि केटा बाहिर छ भने नक्कली बिहेको कागजपत्र बनाएर केटी मान्छे पठाइदिन्छन्, उनले थपे । त्यो भएर विदेशमा अध्ययन अथवा कामका लागि जानुअघि पर्याप्त जानकारी लिएर मात्र जान घिमिरेको सुझाव छ । बीबीसी

# एउटै किसानले फलाउँछन् दैनिक ५०० केजी बोडी

झापा/बिर्तामोड नगरपालिका-७ का युवा प्रदीप खनाललाई एक सातायता फार्ममा फलेको बोडी टिप्न र बजार पुऱ्याउन भ्याइनभ्याइ छ । उनको एकल लगानी रहेको ‘हाम्रो कृषि फार्म’बाट दैनिक ५०० किलोग्राम बोडीको तरकारी उत्पादन हुन्छ । उत्पादित सबै बोडी विर्तामोड नगरपालिकाले प्रवर्द्धन गरेको सुपथ मूल्यका तरकारी पसलमा बिक्री हुने गरेको छ ।

भाडामा लिएको ४५ बिघा जग्गामध्ये १६ कट्ठामा खनालले बोडीखेती गरेका छन । हाल आठ कट्ठामा फल लाग्न बाँकी छ । आठ कट्ठामा लहलह फलेको बोडी छ । सात वर्षअघि ठेक्कापट्टाको काम छाडेर एक कट्ठाबाट तरकारीखेती सुरु गरेका खनालले कृषि फार्म दर्ता गरेर व्यावसायिक रूपमा त्यसको विस्तार गरेका हुन् ।

उनले बोटबाट टिपेको बोडी नगरपालिकाका सातवटा सुपथ मूल्यका पसलमा बिक्रीका लागि लैजाने गरिएको बताए । पसलमा नगरपालिकाले तोकेको समर्थन मूल्यमा बिक्री हुने गरेको छ । यदि बजार भाउ खस्किएर कम मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता आयो भने नगरपालिकाले समर्थन मूल्य बराबरको रकम तिरिदिने भएकाले बजारको कुनै चिन्ता गर्नुपरेको छैन, खनालले भने । हाल प्रतिकेजी बोडी ३० देखि १०० रुपैयाँसम्ममा बिक्री भइरहेको छ । कहिलेकाही भने मूल्यमा उतारचढाव आउने गरेको उनले बताए । नगरपालिकाले तरकारीमा विषादीको अवशेष जाँच गरेर मात्र पसलमा बिक्रीका लागि अनुमति दिने गरेको छ ।

**वार्षिक एक करोड मुनाफा**

खनालको कृषि फार्ममा २० बिघामा धानखेती छ भने पाँच बिघामा विभिन्न प्रकारका तरकारी छन् । जसमध्ये १६ कट्ठामा बोडी, १५ बिघामा अम्बक, बयरलगायतका फलफूलखेती र चार बिघामा लौका, भिन्डी तथा खुर्सानी खेती गर्ने गरेको उनले जानकारी दिए ।

धान, तरकारी र फलफूलखेतीबाट वार्षिक एक करोड मुनाफा हुने खनालको दाबी छ । प्रत्येक वर्ष आम्दानी बढ्दै गएको छ । मैले मात्र आम्दानी गरेको होइन । दर्जनौं व्यक्तिले रोजगारी पाएका छन् । उपभोक्ताले पनि स्वदेशी र ताजा तरकारी खान पाउनुभएको छ । यस वर्ष वार्षिक दुई करोडसम्म तरकारी बिक्री हुने अपेक्षा गरेको छु, खनालले भने ।

उनले सुरुमा कृषिबाट यति धेरै आम्दानी हुन्छ होला भनेर विश्वास नगरेको सुनाए । एउटै अम्बक आधा केजीसम्मको फल्न थालेको छ । हाल आफ्नै देशमा व्यावसायिक कृषि कर्म गरेर ठिकै गरेछु भन्ने लागेको छ । फार्ममा २५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने दर्जनौंले मौसमअनुसारको खुद्रा काम पाउने गरेका छन्, खनालको भनाइ छ ।

विर्तामोड नगरपालिकाले नगरलाई तरकारी र फलफूलमा आत्मनिर्भर बनाउन ‘पारिको होइन वारिको’ भन्ने अभियान नै सञ्चालन गरिरहेको छ । (रासस)

# जनप्रतिनिधि र कर्मचारी नै उपेक्षा गर्छन् सरकारी विद्यालय

झापा/कमल गाउँपालिकाले आफ्ना पालिकाका जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीहरूले छोराछोरी कहाँ पढाउँछन् भन्ने विवरण सार्वजनिक गरेको छ । ‘सरोकारवालाहरूको जानकारीका लागि’ भन्दै पालिकाले सूचनामार्फत सार्वजनिक गरेको विवरण अनुसार आधाभन्दा धेरै जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीका छोराछोरी सरकारी विद्यालयमा अध्ययन गर्दैनन् ।

सार्वजनिक गरिएको विवरणलाई पालिकाका अध्यक्ष हुकुमसिंह राईले प्रमाणित गरेका छन् । पालिकाले सार्वजनिक गरेका ४१४ जना जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीहरूमध्ये ६७ जनाले मात्र सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाएका छन् ।

निजी विद्यालयमा छोराछोरी पढाउनेहरू ९९ जना रहेका छन् । बाँकी २४८ जनामध्ये अधिकांशले आफ्ना छोराछोरीले विद्यालय तहको शिक्षा पूरा गरिसकेको विवरण पालिकालाई उपलब्ध गराएका छन् । केहीले अविवाहित रहेकोसमेत जनाएका छन् भने केहीको छोराछोरी विदेशमा पढिरहेको समेत उल्लेख छ ।

पालिकाले सामुदायिक विद्यालयका २५७ जना शिक्षक, ३९ जना जनप्रतिनिधि र ११८ जना कर्मचारीको छोराछोरीको नाम, कक्षा र उनीहरू पढ्ने विद्यालयको नाम सार्वजनिक गरेको हो ।

पालिकाका अध्यक्ष हुकुमसिंह राई र उपाध्यक्ष प्रमिला न्यौपानेका छोराछोरीले विद्यालय तहको शिक्षा पूरा गरिसकेको जनाइएको छ । विद्यालय तहमा पढाउँदा कुन विद्यालयमा पढेका थिए भन्ने चाहिं उल्लेख छैन । प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकालका दुई छोराछोरीमध्ये एउटी छोरी लिलीपुट प्रिमियर स्कुल (निजी विद्यालय)को कक्षा ३ मा अध्ययनरत रहेको जनाइएको छ ।

वडा नं. २ का वडा सदस्य भीमबहादुर कार्की, कार्यपालिका सदस्य ज्ञानबहादुर नेपाली लगायतका जनप्रतिनिधिले आफ्ना छोराछोरी आफ्नै वडाको सामुदायिक विद्यालयमा पढाउने गरेको उल्लेख छ । कार्कीका छोरा सन्दिपसिंह कार्की महेन्द्ररत्न माविमा र नेपालीका दुई छोराछोरी नरेन्द्र जनता माविमा अध्ययनरत छन् ।

वडा नं. १ का वडा सदस्य चैतन्यप्रसाद चम्लागाईले ज्ञानज्योति बोर्डिङ गौरादह र वडा नं. ७ की वडा सदस्य हिमादेवी नेपालीले स्मारिका बोर्डिङ स्कुलमा आफ्ना छोराछोरी पढाउने गरेको विवरण सार्वजनिक भएको छ ।

पालिकाकी लेखा अधिकृत सृजना राईले आफ्ना दुवै जना छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराएकी छैनन् । उनका छोराछोरी ज्ञानोदय बालवाटिका विद्यालय र सूर्योदय इङ्लीश स्कुलमा अध्ययनरत् छन् ।

पालिकाको वि.सं. २०८० बैशाख १९ गते बसेको कार्यपालिका बैठकले जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमै अध्ययन गराउनुपर्ने निर्णय गरेको पालिकाका प्रमुख हुकुमसिंह राईले बताए ।

सोही निर्णयलाई आधार मानेर पालिकाले छोराछोरी पढ्ने विवरण संकलन गरेको थियो । शिक्षा ऐनले जनप्रतिनिधि, सामुदायिकका शिक्षक र सरकारी कर्मचारीले सामुदायिक विद्यालयमा छोराछोरी पढाउनै पर्ने बाध्यात्मक व्यवस्था गरेको छैन । तथापि पालिकाको सामुदायिक विद्यालयप्रति जनआकर्षण बढाउन कार्यपालिकाले निर्णय गरेको पालिकाको सूचनामा उल्लेख छ ।

सामुदायिक विद्यालयका शिक्षकहरू नै निजी विद्यालयमा आफ्ना छोराछोरी पढाउन लैजान्छन् भन्ने गुनासो आइरहेका बेला कमल गाउँपालिकाको निर्णयलाई सर्वसाधारणले भने सकारात्मक रूपमा लिएको पाइएको छ । पालिकाका २५७ जना शिक्षकमध्ये ५७ जनाले मात्र सामुदायिक विद्यालयमा र ५३ जनाले निजी विद्यालयमा आफ्ना छोराछोरी पढाउने गरेको पालिकाले जारी गरेको सूचनामा उल्लेख छ ।

वडा नं. ७ स्थित सरस्वती माध्यमिक विद्यालयका शिक्षक रामकुमार सुब्बाले आफ्ना दुई जना छोराछोरीलाई आफूले पढाउने विद्यालयमै पढाउने गरेको जनाइएको छ । उनका छोराछोरी कक्षा ४ र ६ मा पढ्छन् ।

सहिद धर्मभक्त माध्यमिक विद्यालयका शिक्षक प्रभाखर काफ्लेका दुबै छोराछोरी निजी विद्यालयमा पढ्ने गरेका छन् । दमकको सिंहदेवी बोर्डिङ स्कुल दमक र सनसाइन बोर्डिङ स्कुल कमलमा उनका छोराछोरी अध्ययन गर्दै आएको पालिकाको सूचनामा उल्लेख छ ।

पालिकाका ३९ जनप्रतिनिधिमध्ये चार जनाले, कर्मचारी ११८ जनामध्ये छ जनाले मात्र सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने गरेको जनाइएको छ । (रासस)

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

## प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०८२।०४।१६**

प्रदेश निजामती सेवा पुरस्कार सिफारिस समितिको मिति २०८२ श्रावण १५ गते बसेको बैठकको निर्णयानुसार प्रदेश निजामती सेवा नियमावली,२०८१ को नियम १४९ को उपनियम (१) अनुसारको पुरस्कार प्रदानका लागि ऐ.नियमावलीको नियम १४९ को उपनियम (६) क,ख र ग वमोजिमको आधार पुरा गरेका तथा नियमावलीको नियम १५० को उपनियम (२) मा भएको व्यवस्था वमोजिम एवम् नियम १५० को उपनियम (७) मा उल्लेखित संख्यामा नबढ्नेगरी अनुसूची ३७ बमोजिमको फारम र फारममा उल्लेखित विवरण प्रमाणित हुने कागजात सहित सिफारिस गरीएका कर्मचारीहरूको नामावली २०८२ श्रावण ३० गतेभित्र यस कार्यालयमा आइपुग्नेगरी पठाइदिनुहुन अनुरोध छ।

**सदस्य सचिव**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कोशी अस्पताल
विराटनगर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०४/१५**

यस अस्पतालको लागि आवश्यक सुरक्षा गार्ड सेवा करारमा आपुर्ति गर्न बिद्युतीय बोलपत्र मिति २०८२।०२।२५ गते प्रकाशित भएकोमा विभिन्न ८ ओटा बोलपत्र आवेदन प्राप्त भइ आवेदित बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतीको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित बोलपत्रदातालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण | स्वीकृत गर्न आशय भएको फर्मको नाम | कबोल अंक मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | KH-NCB/S-01/2081-82 | सुरक्षा गार्ड सेवा करारमा आपुर्ति गर्ने । | श्री गोर्खाली योद्धा सेक्युरिटी सर्भिस प्रा.लि. धुम्बाराहि-०४ काठमाण्डौ। | १,४६,७६,०९७०२ | |

**प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

## भेनियर उत्पादन गर्ने उद्योग निर्माण तथा संचालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०४/१६

श्याम प्लाईउड इण्डष्ट्रिज प्रा. लि. द्वारा कोशी प्रदेश, मोरङ जिल्ला बुढीगंगा गाउँपालिका वडा नं.३ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्याम प्लाईउड इण्डष्ट्रिज प्रा. लि.<br>ठेगाना: बुढीगंगा गाउँपालिका वडा नं.३ मोरङ जिल्ला, कोशी प्रदेश<br>ईमेल: shyamveneerply2081@gmail.com<br>फोन नं : ९८०४३८६५४३<br>सम्पर्क व्यक्ति: बाबुलाल शर्मा |
| **प्रस्तावको व्यहोरा** | वार्षिक १,९०,०००/- घन फीट काठ तथा काठजन्य वस्तु प्रयोग गरि २०,८०,००० वर्ग मिटर भेनियर पत्ती उत्पादन गर्ने।<br>मोरङ जिल्ला बुढीगंगा गाउँपालिका वडा नं.३ साविक टंकीशिनवारी वडा नं ४ को नक्सा सिट नं. ४(क) को कित्ता नं.४९५, ४९७, ४९३, ४८९, ४९१, ४९४, ४९६, ४८८, ४९०, ४९२, ४०२ र ३९८ को २ बिघा क्षेत्रफल जमिनमा |
| **प्रभाव पार्न सक्ने क्षेत्र जिल्ला/गा.पा.** | मोरङ जिल्ला, बुढीगंगा गाउँपालिका वडा नं.३ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक–आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| श्याम प्लाईउड इण्डष्ट्रिज प्रा. लि.<br>ठेगाना: बुढीगंगा गाउँपालिका वडा नं.३ मोरङ जिल्ला, कोशी प्रदेश<br>ईमेल: shyamveneerply2081@gmail.com<br>फोन नं : ९८०४३८६५४३<br>सम्पर्क व्यक्ति: बाबुलाल शर्मा | नेचर कन्सल्टिङ्ग सर्भिस<br>काठमाडौं, सिफल, बागमती प्रदेश<br>ईमेल: natureservices02@gmail.com<br>सम्पर्क व्यक्ति: विकास बास्तोला<br>फोन नं : ९८६३७२५१०८ |

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय दमकबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

| |
|---|
| **क) कर्जा शीर्षक : व्यवसायीक ओभरड्राफ्ट कर्जा** |
| **ऋणीको विवरण** |
| नाम : **जय अम्बे फर्निसिङ्ग स्टोर** प्रोप्राइटरको नाम : राम कुमार उप्रेती (रमेश)<br>प्रा.फ.र.नं. : ५९३/९५७०/२०७३/१०/४ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, झापा<br>दर्ता मिति : २०७३/१०/०४ रजिष्टर्ड ठेगाना : झापा जिल्ला कनकाई न.पा. वडा नं. ३<br>स्थायी लेखा नं. : ६०५५०७३३७ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) देविभक्त उप्रेतीको नाति चन्द्र प्रसाद उप्रेतीको छोरा झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **राम कुमार उप्रेती (रमेश)** (ना.प्र.नं. : ८५२४१०६८९ जारी मिति र जिल्ला : २०४४/१२/२१, झापा) |
| २) विदुर शिवाकोटीको छोरी चन्द्र प्रसाद उप्रेतीको बुहारी रामकुमार उप्रेती (रमेश)को पत्नी झापा जिल्ला सतासी वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **बिमला उप्रेती** (ना.प्र.नं. : ८५२४१५२१ जारी मिति र जिल्ला : २०६२/०२/१०, झापा) |
| ३) चन्द्र प्रसाद उप्रेतीको नातिनी राम कुमार उप्रेती (रमेश) को छोरी झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **सालु उप्रेती** (ना.प्र.नं. : ०४-०२-७८-०१६९६ जारी मिति र जिल्ला : २०७८/०७/०७, झापा) |
| **ख) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा** |
| **ऋणीको विवरण** |
| देविभक्त उप्रेतीको नाति चन्द्र प्रसाद उप्रेतीको छोरा झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **राम कुमार उप्रेती (रमेश)** (ना.प्र.नं. : ८५२४१०६८९ जारी मिति र जिल्ला : २०४४/१२/२१, झापा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) विदुर शिवाकोटीको छोरी चन्द्र प्रसाद उप्रेतीको बुहारी रामकुमार उप्रेती (रमेश)को पत्नी झापा जिल्ला सतासी वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **बिमला उप्रेती** (ना.प्र.नं. : ८५२४१५२१ जारी मिति र जिल्ला : २०६२/०२/१०, झापा) |
| २) चन्द्र प्रसाद उप्रेतीको नातिनी राम कुमार उप्रेती (रमेश) को छोरी झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **सालु उप्रेती** (ना.प्र.नं. : ०४-०२-७८-०१६९६ जारी मिति र जिल्ला : २०७८/०७/०७, झापा) |
| **ग) कर्जा शीर्षक : होम लोन (घर कर्जा)** |
| **ऋणीको विवरण** |
| देविभक्त उप्रेतीको नाति चन्द्र प्रसाद उप्रेतीको छोरा झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **राम कुमार उप्रेती (रमेश)** (ना.प्र.नं. : ८५२४१०६८९ जारी मिति र जिल्ला : २०४४/१२/२१, झापा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) राम प्रसाद उप्रेतीको नाति देविभक्त उप्रेतीको छोरा झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ६ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **चन्द्र प्रसाद उप्रेती** (ना.प्र.नं. : ८५२४८२०४ जारी मिति र जिल्ला : २०४६/०९/१८, झापा) |
| २) गजाधर चुडालको छोरी देविभक्त उप्रेतीको बुहारी चन्द्र प्रसाद उप्रेतीको पत्नी झापा जिल्ला सतासी वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **चन्द्रकला उप्रेती** (ना.प्र.नं. : ८५२४७६१८ जारी मिति र जिल्ला : २०४४/१२/२७, झापा) |
| ३) विदुर शिवाकोटीको छोरी चन्द्र प्रसाद उप्रेतीको बुहारी रामकुमार उप्रेती (रमेश)को पत्नी झापा जिल्ला सतासी वडा नं. ७ हाल, शिवसताक्षी न.पा. वडा नं. ११ बस्ने **बिमला उप्रेती** (ना.प्र.नं. : ८५२४१५२१ जारी मिति र जिल्ला : २०६२/०२/१०, झापा) |
| ४) चन्द्र प्रसाद उप्रेतीको नातिनी राम कुमार उप्रेती (रमेश)को छोरी झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ७ हाल, वडा नं. ११ बस्ने **सोनल उप्रेती** (ना.प्र.नं. : ०४-०२-७३-०१२६५ जारी मिति र जिल्ला : २०७३/०३/०३, झापा) |
| **यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**<br>मिति २०८२/०१/३१ को उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना |
| **धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| राम कुमार उप्रेती | झापा जिल्ला शिवगन्ज वडा नं. ७ | ७ख | २४९०९ | ९७३.५३ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/०५ गते विहीबार भित्र यस बैंकको शाखा कार्यालय दमक आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/०६ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय दमकमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सुचित गरिन्छ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ